प्रदेश सरकार
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
प्रदेश नं. १

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
# धनकुटा

सू.नं. १/२०७७-७८

## धनकुटा जिल्लाका लागी प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/५/३१
दरखास्त दिने अन्तिम मिति २०७७/०६/२०

यस विज्ञ केन्द्रको आ.व. २०७७/७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायका कार्यक्रमहरू कार्यान्वयनका लागि सम्वन्धित कार्यक्रम संचालन निर्देशिका/कार्यविधि २०७६ ले तोके बमोजिम सर्तहरू पालना गरी लागत साझेदारीमा संचालन गर्न ईच्छुक धनकुटा जिल्लाका आवेदकहरूबाट यो सूचना प्रकाशित भएको मितिले २१ औ दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगि वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटाको फोन नं. ०२६-५२२२८३ मा सम्पर्क राख्न वा भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ विराटनगरको वेभसाईड **www.molmac.p1.gov.np** र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको वेभसाईड **www.dolfd.p1.gov.np** बाट "कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६" डाउनलोड गरी थप जानकारी लिन सकिने छ

### संचालन गरिने कार्यक्रमहरू

| क.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | अधिकतम साझेदारी रकम रू.(प्रति ईकाइ) | प्रस्ताव पेश गर्न सक्ने संभावित साझेदारहरू |
|---|---|---|---|---|---|
| १ | गाईफार्महरूलाई अनुदान (कम्तीमा ५ वटा गाईभैंसी पाल्ने कृषकहरूलाई) | संख्या | ५ | २,००,०००। (दुई लाख) | साना व्यवसायिक फार्ममा ५-१० वटा, मझौला व्यवसायिक फार्ममा ११-३० वटा माउ गाईभैंसी र ठुला व्यवसायिक फार्ममा ३० भन्दा वढी माउ गाईभैंसी हुनु पर्ने । |
| २ | व्यसायिक बाख्रा फार्महरूलाइ गोठ/खोर निर्माण/जैविक सुरक्षा तथा सुदृढिकरण सुधारमा अनुदान | संख्या | ४ | २,००,०००। (दुई लाख) | व्यवसायिक बाख्रा फार्ममा कम्तिमा २० वटा र समुह/सहकारीमा प्रतिव्यक्ति १० वटा प्रजनन् योग्य माउ बाख्रा हुनु पर्ने । |

लोकनाथ ढुंगाना
... अधिकृत
... प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | व्यसायिक बंगुर फार्महरूलाइ गोठ/खोर निर्माण/जैविक सुरक्षा तथा सुदृढिकरण सुधारमा अनुदान | संख्या | ४ | २,००,०००। (दुई लाख) | सहकारी संस्था/समुह/व्यवसायिक फर्म पाठापाठी उत्पादनको लागि ५ माउ भुनी वा मासु उत्पादनको लागि १० वटा बंगुर पालेको हुनु पर्ने । |
| ४ | युवा लक्षित पशु विकास कार्यक्रम | संख्या | ८ | १,००,०००। (एक लाख) | शिक्षित वेरोजगार/एकल महिला/दलित/जनजाति/पिछडिएको वर्ग/सम्वन्धित बिषयमा तालिम प्राप्त युवा/बैदेशिक रोजगारबाट फर्किएका युवा । |
| ५ | कृषि तथा पशु सहकारी संस्था/समिति र अन्य संस्थाहरु संग सहकार्यमा व्यवसायिक पशुपालन कार्यक्रम | संख्या | १ | २०,००,०००। (बीस लाख) | सहकारी संस्था, व्यवसायिक संघ/संस्था, कृषक समुह/समितिहरु । |

**प्रस्तावसाथ सम्मिलित हुनु पर्ने कागजातहरू:**

१. रू. १० को हुलाक टिकट टाँसेको आवेदन पत्र ।
२. आवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
३. संक्षिप्त व्यवसायिक कार्ययोजना/ व्यवसाय योजना।
४. कार्यक्रम कार्यान्वयन स्थलको स्वामित्व देखिने कागजातको प्रतिलिपी (धनिपुर्जा र नक्सा)।
५. लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० बर्षको आधिकारिक करारनामा/ सम्झौता पत्र मंजुरिनामा र मालपोत तिरेको रसिद।
६. एकाघरको परिवारको सदस्यको नामको जग्गा भए मालपोत तिरेको रसिद सहित मजुरीनामा पत्र र मंजुरि नामा दिने र लिनेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
७. प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता/नविकरण र पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
८. समुह/समिति/सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपी ।
९. अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
१०. लागत साझेदारी गर्ने प्रतिवद्दता पत्र ।
११. विगत ३ बर्ष भित्र अनुदान नलिएको स्वघोषणा पत्र ।
१२. स्थानीय तह पशु सेवा शाखाको सिफारिस पत्र ।
१३. पशु बिमा गरेको हुनुपर्ने ।

नोट: व्यवसायिक प्रस्ताव योजनाको नमुना सम्वन्धित कार्यालयबाटै उपलब्ध गराईनेछ ।

लोकनाथ दुगाना
पशु विकास अधिकृत
नि. कार्यालय प्रमुख